# विद्युत नियमन आयोग

**सानो गौचरण, काठमाडौं**

## बोनस शेयरको पूर्वस्वीकृति सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८३।०४।१८**

आयोगको मिति २०८३।०४।१३ गते बसेको ३११ औं बैठकबाट बोनस शेयरको पूर्वस्वीकृति सम्बन्धी प्रावधान छलफल गर्दा, विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासन पूर्वस्वीकृती तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा १२ बमोजिम शेयर संरचनामा ५% भन्दा बढी परिवर्तन हुने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्ने र कम्पनीले शेयरधनीलाई बोनस शेयर प्रदान गर्दा आयोगमा जानकारी दिनुपर्ने व्यवस्था रहेको हुँदा बोनस शेयर प्रदान गर्दा शेयर संरचनामा पाँच प्रतिशतभन्दा बढी परिवर्तन हुने भएमा **"विद्युत खरिद बिक्रि तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तसम्बन्धि विनियमावली ,२०७६"** को विनियम १७ (१ ) बमोजिम अनुमति प्राप्त व्यक्तिले शेयर संरचना परिवर्तन पूर्व नियमावलीको नियम ४५ बमोजिम आयोग समक्ष स्वीकृतिका लागि सोहि विनियमको अनुसूची - ६ मा तोकिएको ढाँचामा निवेदन तथा अनुसूची- ७ बमोजिमको कागजात संलग्न गरी पेश गर्नुपर्ने व्यवस्था रहेको र सो अनुसूची- ७ को बुँदा नं ७ र अनुसूची -८ को बुंदा नं. ५ मा **"शेयर संरचनामा परिवर्तनको सम्बन्धमा सञ्चालक समिति तथा साधारण सभाको निर्णय"** पेश गर्नुपर्ने प्रावधान रहेकोमा सो प्रावधान लाई सहजीकरण गर्नका लागि सो प्रावधानको सट्टा **"शेयर संरचनामा परिवर्तनको सम्बन्धमा सञ्चालक समिति वा साधारण सभाको निर्णय "** हुने गरी संसोधन गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गरिन्छ।

**विद्युत् नियमन आयोग, नेपाल**

सानो गौचरण, काठमाडौं

सम्पर्क नं.: + ९७७-१-४५२२४४२ / ४५३९००४ / ४५४३३९०

इमेलः info@erc.gov.np

वेबसाइटः https://www.erc.gov.np